# उपकार लघुवित्त वित्तिय संस्था लिमिटेड
# चौथो वार्षिक साधारण सभाको विवरण तथा निर्णय

**१.वैधानिक सभा :**

यस उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७९।१०।२२ गते बसेको संचालक समितिको ५७ औं वैठकको निर्णयानुसार कम्पनि ऐन २०६३, बैक तथा बित्तिय संस्था सम्बन्धि ऐन २०७३, वित्तीय संस्था लि.को प्रबन्धपत्र नियमावलि बमेजिम संस्थाको चौथो वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष यस संस्थाका अध्यक्ष श्री शान्तीदेवि ढकालज्यूको अध्यक्षतामा निम्नलिखित मिति, समय र स्थानमा देहाय बमोजिमका निम्न विषयहरु उपर छलफल एंव निर्णय भई देहाय बमोजिम सम्पन्न भयो ।

**सभा हुने मिति, समय,र स्थान :**

सभा हुने मिति: २०७९ साल फाल्गुन १८ गते विहिवार (तद अनुसार २ मार्च ,२०२३)
सभा हुने समय : बिहान १० बजे
सभा हुने स्थान : गाभर भ्याली सामुदायिक होमस्टे , बैजनाथ , १ बाँके

२. उपस्थिति :

कम्पनिको चौथो साधारण सभामा शेयरधनि महानुभावहरु, संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

**(क) संचालकको उपस्थिति :**

| क.सं | विद्यमान संचालकको नाम | पद | प्रतिनिधित्व | ग्रहण गरेको शेयर |
|---|---|---|---|---|
| १. | शान्तिदेवि ढकाल | अध्यक्ष | महिला उपकार मंच | २८१४०० |
| २. | आरती पौडेल | संचालक | महिला उपकार मंच | २८१४०० |
| ३. | सन्तोष ज्ञवाली | संचालक | प्रभु बैंक | ६०००० |
| ४. | नितु शर्मा | संचालक | व्यक्तिगत | ३००० |
| ५. | रामचरण वि.सी | संचालक | स्वतन्त्र | - |

**(ख) अन्य पदाधिकारी एवम प्रर्यवक्षक :**

| क.सं | अन्य पदाधिकारी एवम प्रर्यवक्षकको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १. | शारदा कुमारी खत्री | प्रमुख कार्यकारी अधिकृत | उपकार लघुवित्त वित्तीय संस्था लि.कोहलपुर, ११ |
| २. | अनिल कुमार मर्हजन | | एसबिआई क्यापिटल, हात्तीसार काठमाडौं |
| ३. | पुजन खडका | | एसबिआई क्यापिटल हात्तीसार काठमाडौं |
| ४. | विकास आर्चाय | अधिवक्ता | |

**(ग) कर्मचारी :**

| क.सं | कर्मचारीको नाम | पद | क.सं | कर्मचारीको नाम | पद |
|---|---|---|---|---|---|
| १. | पार्वती पराजुली | व.अधिकृत | २. | लक्ष्मी के.सी | व.अधिकृत |

उपकार लघुवित्त वित्तिय संस्था लि. उपकार २०७५

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | चित्र ब भण्डारी | व.अधिकृत | ४. | रामकुमार चौधरी | व.अधिकृत |
| ५. | हरि के.सी | व.अधिकृत | ६. | उमेश अर्याल | व.अधिकृत |
| ७. | गायत्री गिरी | व.अधिकृत | ८. | दिल ब. कटुवाल | अधिकृत |
| ९. | अरुण चौधरी | अधिकृत | १०. | भगवति महतरा | सहायक अधिकृत |
| ११. | भगवति महतरा | सहायक अधिकृत | १२. | बविता चौलागाई | सहायक अधिकृत |
| १३. | निर्मला खत्री | जुनियर अधिकृत | १४. | पुष्पा जैसी | व. सहायक |
| १५. | अमिसा वि.क | जुनियर फिल्ड सहायक | | | |

**(घ) शेयरधनिहरुको उपस्थिति विवरण :**

वित्तीय संस्थाको उपस्थित शेयरधनी संख्या यस प्रकार रहेको छ ।

संस्थापक शेयरधनिको संख्या : २४ (चौबिस)

सर्वसाधारण शेयरधनिको सख्या : १५२२६ (पन्ध्रहजार दुई सय छबिस) रहेकोमा सभामा निम्न बमोजिम उपस्थित रहयो ।

**(ङ) गणपुरक संख्या :**

| शेयर संख्या ( संस्थापक समुह) | शेयर संख्या (सर्वसाधारण समुह) | संस्थापक समुह उपस्थित संख्या | सर्वसाधारण समुह उपस्थित संख्या | कुल उपस्थित संख्या |
|---|---|---|---|---|
| ४२०००० | २३६२५० | १९ | २८ | ४७ |

## ३. सभाको वैधानिकता :

**(क) सभाको बारेमा सार्वजनिक सुचना :**

कम्पनि ऐन २०६३ को दफा ६७ (२) र कम्पनिको नियमावलि नियम ४(३) बमोजिम सभा हुने मिति,समय, स्थान र छलफलको विषयको सुचना शेयरधनी महानुभावहरुलाई जानकारीको लागी राष्ट्रियस्तरको पत्रिकाहरुमा मिति २०७९ माघ २४ गते प्रथम पटक नयाँ पत्रिकामा र दोश्रो पटक मिति २०७९ फागुन १ गतेको आर्थिक अभियान पत्रिकामा रीतपूर्वको सुचना प्रकाशित गरिएको तथा आ.व.०७८।०७९ को वार्षिक प्रतिवेदन, सभाको सुचना तथा प्रोक्सी फारमहरु यस संस्थाको

उपकार लघुवित्त वित्तिय संस्था लि. उपकार २०७५ केन्द्रिय कार्यालय : कोहलपुर (बाँके)

webside www.ulbsl.nepal.com.np मार्फत सार्वजनिक गरि सकिएको व्यहोरा कम्पनि सचिव/प्रमुख कार्यकारी अधिकृत शारदा कुमारी खत्रीबाट जानकारी गराईयो।

**(ख) गणपुरक संख्या :**

यस साधारण सभा प्रयोजनको लागी कम्पनिको शेयरधनि दर्ता पुस्तिका मिति २०७९ फागुन ४ गते कायम शेयरधनि तथा उनिहरुले लिएको शेयर विवरण यस प्रकार रहेको थियो।

| क्र.सं | शेयरधनि | शेयरधनि संख्या | शेयर कित्ता | |
|---|---|---|---|---|
| १. | संस्थापक शेयरधनिहरु | २४ | ४२०००० | |
| २. | सर्वसाधारण शेयरधनिहरु | १५२२६ | २३६२५० | |
| | जम्मा | १५२५० | ६५६२५० | |

कम्पनि ऐन २०६३ को दफा ७३(२) बमोजिम आवश्यक गणपुरक संख्या (कम्पनि शेरधनि स्वयम वा प्रतिनिधि मार्फत उपस्थिति एवं उपस्थित शेयरधनिहरुले ग्रहण गरेको साधारण शेयरहरुको संख्या )देहाय बमोजिम रहेको व्यहोरा कम्पनि सचिव शारदा कुमारी खत्रीबाट अवगत भयो र उपस्थित शेयरधनि उपरोक्त व्यहोरा जानकारी लिदै सभा कानुन बमोजिम बोलाईएको हुदाँ पूर्व सुचित प्रस्तावहरुमा छलफल गर्न मंजुर गर्नु भयो ।

| शेयर संख्या ( संस्थापक समुह) | शेयर संख्या (सर्वसाधारण समुह) | संस्थापक समुह उपस्थित संख्या | सर्वसाधारण समुह उपस्थित संख्या | कुल उपस्थित संख्या | उपस्थित प्रतिशत |
|---|---|---|---|---|---|
| ४२०००० | २३६२५० | ३९०६०० | २०३६ | ३९२६३६ | ५८।८३ |

(४) **सभामा प्रस्तुत छलफलका विषयहरु :**

**साधारण प्रस्तावहरु :**

१. संचालक समितिको अध्यक्ष ज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रगती प्रतिवेदन माथि छलफल गरि पारित गर्ने सम्बन्धमा ।

२. आ.व.२०७८/०७९ लेखा परिक्षण प्रतिवेदन, वासलात, तथा सोका आधारमा तयार पारिएको वित्तीय विवरणहरु (मिति २०७९ अषाढ मशान्त सम्मको नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका संलग्न अनुसुची हरु) समेत वित्तीय विवरण पारित गर्ने सम्बन्धमा ।

३. संचालक समितिको प्रस्ताव बमोजिम आ.व. २०७८।२०७९ सम्मको मुनाफाबाट चुक्ता पुँजी ६,५६,२५,०००। को ३.२५ प्रतिशतले हुने रकम रु.२१,३२,८००। कर प्रयोजनका लागी समेत नगद लाभांश पारित गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा ६३ र कम्पनि ऐन २०६३ दफा १११ अनुसार यस वित्तीय संस्थाको आ.व.२०७९।२०८० को लेखापरिक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. संस्थागत समुहबाट अध्यक्ष एवम् एक जना संचालक र सर्वसाधारण समुहबाट दुई जना संचालक निर्वाचन गरी नियुक्त गर्ने ।

६. बिविध

**विशेष प्रस्तावहरु**

१. संचालक समितिको प्रस्ताव बमोजिम आ.व.२०७८।२०७९ सम्मको मुनाफाबाट चुक्ता पुँजी रु.६,५६,२५,०००। को ६१.७५ प्रतिशत हुने रकम रु.४,०५,२३,२००। बोनस शेयर वितरणको प्रस्ताव पारित गरी सो सम्बन्धमा प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने ।

२. संचालक समितिको वैठक भत्ता वृद्धि गर्नका लागी नियमावलिमा संशोधन गर्ने सम्बन्धमा ।

३. संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभिने/गाभ्ने, प्राप्ती-एक्विजिसन तथा सम्बन्धि प्रक्रिया अगाडी बढाउनका लागी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्यांकन -Due to diligence Audit DDA) गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गरि निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ती एक्विजिसन तथा खरिद सम्बन्धि समझदारी पत्रमा (Memorandum of Understanding ) तर्जुम गर्न र सो सम्बन्धि आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

५. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलि संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम प्रबन्धपत्र तथा नियमावलि संशोधन एवं परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६. अधिकृत पुँजी वृद्धि गर्ने ।

उपकार लघुवित्त वित्तिय संस्था लि.
उपकार
२०७५
केन्द्रिय कार्यालय : कोहलपुर (बाँके)

(५) **सभाको अध्यक्षता एवं उदघाटन :**

यस वार्षिक साधारण सभा संचालनका लागी वैधानिक आवश्यकता पुरा भएकाले कम्पनि ऐन २०६३ को दफा (७४) (१) र कम्पनिको नियमावलिमा भएको व्यवस्था अनुसार कम्पनिको संचालक समितिका अध्यक्ष श्री शान्तिदेवि ढकालज्युलाई सभाको अध्यक्षता गर्न अनुरोध गरियो । र त्यसै अनुरुप उहाले सभाको अध्यक्षता गर्नु भयो । तत्पश्चात् अध्यक्ष महोदयले पानसमा दिप प्रज्वलन गरि सभाको उदघाटन् गर्दै सभाको कार्यक्रम अगाडी बढाउनु भयो ।

(६) **स्वागत मन्तवय :**

अध्यक्षज्युको अनुमति लिई संचालक आरती पौडेलज्युले सभामा उपस्थित संचालक समितिका सदस्य, शेयरधनि महानुभावहरु एवं अन्य आमन्त्रित महानुभावहरुलाई हार्दिक स्वागत गर्नु भयो ।

(७) **चौथो वार्षिक प्रतिवेदन प्रस्तुत :**

सभाको कामकारबाही शुरु गर्ने क्रममा संचालक समितिका अध्यक्ष श्री शान्तिदेवि ढकालज्युले शेयरधनिहरुलाई सम्बोधन तथा स्वागत गर्दै संचालक समितिको वार्षिक प्रतिवेदन पढेर सुनाउनु भयो । त्यसपछि लेखापरिक्षण प्रतिवेदन सहितको २०७९ अषाढ मशान्तको वासलात तथा २०७८ श्रावण १ गते देखि ०७९ असाढ मशान्तसम्मको नाफा /नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण साधारण सभामा छलफल तथा निर्णयको रुपमा पारित गर्नका लागी प्रस्तुत गर्नुभयो । आ.व ०७८/०७९ मा संस्थाले गरेको प्रगति तथा आ.व ०७९/०८० को भावी योजना तथा अन्य कार्यक्रमहरुका बारेमा विवरणहरु प्रस्तुत गर्नुभयो । त्यसका साथै अन्त्यमा धन्यबाद ज्ञापन गर्नु हदै शेयरधनिहरुको तर्फबाट कुनै जिज्ञासा तथा प्रतिक्रिया भए व्यक्त गर्नका लागी समय प्रदान गर्नु भयो ।

(८) **साधारण सभामा उठेका जिज्ञासा एंव प्रत्यूत्तर :**

(क) संस्थापक समुहबाट श्री अन्जना धितालले संस्थाको हालको निरन्तर घाटामा गईरहेको अवस्थामा कर्मचारीहरुलाई तलब भत्ता बृद्धि गर्न सकिन्छ वा सकिदैन भन्ने जिज्ञासा राख्नुभयो ।

(ख) संस्थापक समुहबाट श्री मघु रानाले बार्षिक प्रतिबेदनमा सेयरधनिहरुको नामावली नभएको सम्बन्धमा जिज्ञासा व्यक्त गर्नुभयो ।

शेयरधनिका प्रतिनिधिहरुले राख्नु भएको जिज्ञासा र सुझावका सम्बन्धमा सभाका अध्यक्षज्युले देहाय बमोजिम जबाफ दिनु भयो ।

(क) संस्थाले गत आ.व. मा शाखा विस्तार गर्दा कर्मचारी समेत थप भएका कारणले गर्दा कर्मचारी तलब भत्ता वृद्धि हुनुको साथै संस्था आ.व ०७८/०७९ मा संस्थाले नाफा आर्जन गरेको व्योहरा राख्नु भयो ।

(ख) शेयरधनि संख्या १५२५० भएकाले वार्षिक प्रतिवेदनमा उल्लेख गर्दा ठुलो र भद्धा हुने भएकाले वार्षिक प्रतिवेन बुकमा नराखिएको व्यहोरा जानकारी गराउनु भयो ।

(९) **सभाका निर्णयहरु :**

आजको सभामा शेयरधनि महानुभावहरुले दिनु भएको अमुल्य सुझाव, सल्लाहलाई संस्थाले उच्च प्राथामिकता राखी कार्यान्वयन गर्दैजाने प्रतिवद्धता व्यक्त आजको सभामा प्रस्तुत पूर्व सूचित प्रस्तावहरुलाई क्रमश : पारित गरिदिन अध्यक्षले अनुरोध गर्नुभयो । सबै प्रस्तावहरु उपर सभाका शेयरधनिहरुको सर्वसम्मत निर्णयबाट देहाय बमोजिम पारित गरियो ।

**(क) साधारण प्रस्तावहरु**

१. संचालक समितिको अध्यक्ष ज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन

उपकार लघुवित वितिय संस्था लि. उपकार २०७५ केन्द्रिय कार्यालय

सर्वसम्मतिले गरियो ।
२. आ.व.२०७८/२०७९ लेखा परिक्षण प्रतिवेदन, वासलात, तथा सोका आधारमा तयार पारिएको वित्तीय विवरणहरु (मिति २०७९ असाढ मशान्त सम्मको नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु) समेत सर्वसम्मतिबाट पारित गरियो ।
३. संचालक समितिको प्रस्ताव बमोजिम आ.व. २०७८।२०७९ सम्मको मुनाफाबाट चुक्ता पुंजी ६,५६,२५,०००। को ३.२५ प्रतिशतले हुने रकम रु.२१,३२,८००। नगद लाभांश तथा बोनस शेयरको कर प्रयोजन समेतका लागी नगद प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।
४. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा ६३ र कम्पनि ऐन २०६३ दफा १११ अनुसार यस वित्तीय संस्थाको आ.व.२०७९/२०८० को लेखा तथा कर परिक्षण गर्नको लागी PRSH & Associates लाई कर बाहेक रु २,००,०००।- पारिश्रमिक दिनुका साथै लेखापरिक्षणको अवधि भर दैनिक भ्रमण खर्च वापतको रकम प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।
५. संस्थागत समुह (क) बाट दुई जना संचालक शान्तिदेवि ढकाल, चन्द्रकला न्यौपाने र सर्वसाधारण समुह (ख) बाट दुई जना संचालक श्याम रिजाल, चेतना अर्याल सर्वसम्मतबाट निर्वाचित गरियो ।
६. विविध
चौथो बार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नका लागी संचालक समितिका अध्यक्ष श्री शान्तीदेवी ढकाल, कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृत श्री शारदा कुमारी खत्री लाई अख्तियारी दिने निर्णय सर्व सम्मतिबाट पारित गरियो ।

**(ख) बिशेष प्रस्तावहरु**

१. संचालक समितिको प्रस्ताव बमोजिम आ.व.२०७८।२०७९ सम्मको मुनाफाबाट चुक्ता पुंजी रु.६,५६,२५,०००। को ६१.७५ प्रतिशत हुने रकम रु.४,०५,२३,२००। बोनस शेयर जारी गर्ने निर्णय सर्व सम्मतिबाट पारित गरीयो ।
२. संचालक समितिको वैठक भत्ता वृद्धि गर्नका लागी नियमावलिमा संशोधन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।
३. संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभिने/गाभ्ने, प्राप्ती-एक्विजिसन तथा सम्बन्धि प्रक्रिया अगाडी बढाउनका लागी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरयो ।
४. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्यांकन -Due to diligence Audit DDA) गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गरि निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ती एक्विजिसन तथा खरिद सम्बन्धि समझदारी पत्रमा (Memorandum of Understanding ) तर्जुमा गर्न र सो सम्बन्धि आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्व सम्मतिबाट पारित गरियो ।
५.वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलि संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम प्रबन्धपत्र तथा नियमावलि संशोधन एवं परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।
६.कम्पनिको अधिकृत पुंजी रु ८,००,००,०००। (अक्षेरेपी आठ करोड मात्र) बाट वृद्धि गरेर रु. २५,००,००,०००। (अक्षेरेपी पच्चिस करोड मात्र) पु-याउने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

उपकार लघुवित्त वितिय संस्था लि.
उपकार
२०७५
केन्द्रिय कार्यालय : कोहलपुर (बाँके)

तपसिल

(क) नियमावलिमा प्रस्तावित संशोधन सम्बन्धि तीन महले विवरण :

| प्रबन्धपत्रमा भएको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **नियम ३२ संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धि व्यवस्था**<br>(१)संचालकको पारिश्रमिक, वैठक भत्ता, दैनिक भ्रमण भत्ता तथा अन्यर सुविधा देहाय बमोजिमको हुनेछ ।<br>(क) संचालक समितिको वैठकमा उपस्थित भए वापत अध्यक्ष तथा अन्य संचालकहरुले पाउने वैठक भत्ता रु.३,०००। हुनेछ ।<br>(ख) नभएको | **नियम ३२ संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धि व्यवस्था**<br>(१)संचालकको पारिश्रमिक, वैठक भत्ता, दैनिक भ्रमण भत्ता तथा अन्यर सुविधा देहाय बमोजिमको हुनेछ ।<br>(क) संचालक समितिको वैठकमा उपस्थित भए वापत अध्यक्ष तथा अन्य संचालकहरुले पाउने वैठक भत्ता रु.५,०००। हुनेछ ।<br>(ख) बाँके बाहिरका संचालकहरुलाई संचालक समितिको वैठकमा संचालक उपस्थित हुन आउदा निजलाई बिल अनुसारको लजिङ्ग र फुडिङ्ग खर्च अधिकतम रु.२,०००। र यातायात खर्च उपलब्ध गराइने छ । | संचालकले पाउने भत्ता, सुविधा समय सापेक्ष परिमार्जन गर्न आवश्यक भएकाले । |

(क) प्रबन्धपत्रमा प्रस्तावित संशोधन सम्बन्धि तीन महले विवरण :

| प्रबन्धपत्रमा भएको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **दफा ६ कम्पनिको पुँजीको संरचना :**<br>कम्पनिको पँजीको संरचना देहाय बमोजिम हुनेछ :<br>(क) कम्पनिको अधिकृत पुँजी | **दफा ६ कम्पनिको पुँजीको संरचना :**<br>कम्पनिको पँजीको संरचना देहाय बमोजिम हुनेछ ।<br>(क) कम्पनिको अधिकृत | संस्थाले बोनस शेयर जारी गरे पश्चात पुँजी वृद्धि भएकाले संशोधन गरिएको । |

उपकार लघुवित वितिय संस्था लि. उपकार २०७५ केन्द्रिय कार्यालय : कोहलपुर (बाँके)

| | | |
|---|---|---|
| रु.८,००,००,०००।(अक्षेरेपी आठ करोड) मात्र हुनेछ । उक्त पुँजीलाई प्रति शेयर रु.१०० का दरले आठ लाख थान शेयरमा विभाजन गरिएकोछ ।<br>(ख) कम्पनिको तत्काल जारी पुँजी रु.६,००,००,०००।( अक्षेरेपी छ करोड हुनेछ । उक्त पुँजीलाई प्रति शेयर रु.१०० का दरले छ लाख थान शेयरमा विभाजन गरिएकोछ ।<br><br>(ख) कम्पनिको तत्काल चुक्ता पुंजी रु.६,००,००,०००। (अक्षेरेपी छ करोड हुनेछ । उक्त पुँजीलाई प्रति शेयर रु.१०० का दरले छ लाख थान शेयरमा विभाजन गरिएकोछ । | पुँजी रु.२५,००,००,०००।( अक्षेरेपी पचीस करोड) मात्र हुनेछ । उक्त पुँजीलाई प्रति शेयर रु.१०० का दरले पचीस लाख थान शेयरमा विभाजन गरिएकोछ ।<br>(ख) कम्पनिको तत्काल जारी पुँजी रु.१०,६१,४८,२००।( अक्षेरेपी दश करोड एक्सठ्ठी लाख अडचालिस हजार दुई सय हुनेछ । उक्त पुँजीलाई प्रति शेयर रु.१०० का दरले दश लाख एक्सठ्ठी हजार चार सय बयासी थान शेयरमा विभाजन गरिएकोछ ।<br><br>(ख) कम्पनिको तत्काल जारी पुँजी रु.१०,६१,४८,२००।( अक्षेरेपी दश करोड एक्सठ्ठी लाख अड्चालिस हजार दुई सय हुनेछ । उक्त पुँजीलाई प्रति शेयर रु.१०० का दरले दश लाख एक्सठ्ठी हजार चार सय बयासी थान शेयरमा विभाजन गरिएकोछ । | |

(१०) धन्यवाद ज्ञापन :

यस संस्था संचालनमा सहयोग पु-याउनु हुने नेपाल राष्ट्रबैंक, कम्पनि रजिष्ट्रारको कार्यालय लगायत विभिन्न सँघ संस्था तथा व्यक्तिलाई धन्यवाद दिने निर्णय सर्व सम्मतिबाट पारित गरियो । साथै संचालक समितिको सदस्यको हैसियतले आफ्नो कार्यकालमा अतुलनिय योगदान पु-याउनु सम्पूर्ण सदस्य महानुभावहरुलाई समेत धन्यबाद सहित आभार प्रकट गर्ने निर्णय गरियो ।

(११) कम्पनि सचिव श्री शारदा कुमारी खत्रीद्धारा चौथो वार्षिक साधारण सभामा समावेश विषय सुची अर्न्तगत सम्पूर्ण विषयहरु समाप्त भएको व्यहोरा जानकारी गराउदै आजको साधारण सभा समापन गरिदिनु हुन अध्यक्षज्युलाई अनुरोध गर्नुभयो ।

उपकार लघुवित्त वित्तिय संस्था लि.
उपकार
२०७५
केन्द्रिय कार्यालय : कोहलपुर (बाँके)

(१२) विषयसुचीमा रहेका सम्पूर्ण कार्यक्रम समाप्त भएको जानकारी प्राप्त भए पश्चात् अध्यक्षज्युले सभामा उपस्थित सम्पूर्ण शेयरधनि महानुभावहरुलाई अमुल्य सुझाव र सल्लाहको लागी धन्यबाद दिनु भयो । आजको यस चौथो वार्षि साधारण सभा शान्ति एवं सौहार्दपूर्ण वातावरणमा सरल किसिमबाट सम्पन्न गर्न सहयोग पु-याउने नेपाल राष्ट्रबैंक, कर्म्पनि रजिष्टारको कार्यालय , लेखापरिक्षक, विभिन्न सँघ संस्थाका प्रतिनिधिहरु, पत्रकारहरु, सम्पूर्ण कर्मचारीहरु लगायत यस सभा हल उपलब्ध गराई सहयोग गर्नुहुने सामुदायिक गाभर भ्याली होमस्टे बैजनाथ १ गाभर लाई हार्दिक धन्यवाद ज्ञापन गर्दै चौथो वार्षि साधारण सभा बिर्सजन भएको घोषना गर्नु भयो ।

उपकार लघुवित्त वित्तिय संस्था लि.
उपकार
२०७५
केन्द्रिय कार्यालय : कोहलपुर (बाँके)